धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, सुनसरी, कोशी प्रदेश, नेपाल

नगर कार्यपालिका वैठक, वैठक संख्या ८/०८०/०८१

आज मिति २०८० साल माघ १७ गते, बुधवार विहानको ८:०० वजे धरान उपमहानगरपालिका नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री हर्क राज राईज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो।

**उपस्थिती:**

| क्र.स. | नाम | पद | कार्यालय/वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री हर्क राज राई | प्रमुख | धउमनपा | |
| २. | श्री अइन्द्र विक्रम वेघा | उप-प्रमुख | धउमनपा | |
| ३. | श्री यज्ञमणि आचार्य | वडा अध्यक्ष | धरान-१ | |
| ४. | श्री रमेश राई | वडा अध्यक्ष | धरान-२ | |
| ५. | श्री विद्या शाक्य | वडा अध्यक्ष | धरान-३ | |
| ६. | श्री धनबहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ७. | श्री मन प्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ८. | श्री भुपेन्द्र भट्टराई | वडा अध्यक्ष | धरान-६ | |
| ९. | श्री जीवन राज सुवेदी | वडाअध्यक्ष | धरान-७ | |
| १०. | श्री धन वहादुर राई | वडा अध्यक्ष | धरान-८ | |
| ११. | श्री रुपेश आचार्य | वडा अध्यक्ष | धरान-९ | |
| १२. | श्री विवेक राई | वडा अध्यक्ष | धरान-१० | |
| १३. | श्री लोकेन्द्र कुमार फागु | वडा अध्यक्ष | धरान-११ | |
| १४. | श्री टंकबहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १५. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १६. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १७. | श्री नरेश ईवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १८. | श्री मुरारी प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१६ | |
| १९. | श्री सुर्यबहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| २०. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २१. | श्री पूर्ण वहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २२. | श्री पदम बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-२० | |
| २३. | श्री सावित्रा परियार दर्जी | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २४. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री सिर्जना नेपाल | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २६. | श्री रविन गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २७. | श्री देवी माया विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-६ | |
| २८. | श्री दिनेश विश्वकर्मा | नगर कार्यपालिका सदस्य | धरान-१५ | |
| २९. | श्री अनुप देवान | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| ३०. | श्री विकास भाटी | नगर कार्यपालिका सदस्य | धरान-९ | |
| ३१. | श्री प्रज्ञादेवी निरौला | प्रमुख प्रशासकीय अधिकृत | धउमनपा | |

| क्रस | नाम | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | दसरथ सुब्बा | का.पा. अध्यक्ष | धरान-१९ | |
| २ | | | | |

मिति २०८०/१०/१७ गते धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठकमा भएको छलफल र निर्णय भएका विषयहरुः

१. <u>बैठकको गणपूरक संख्या सम्बन्धमा।</u>

यस उपमहानगरपालिकाको कार्यपालिकामा जम्मा सचिव सहित ३१ जना सदस्य रहेकोमा आजको बैठकमा जम्मा २६ जना सदस्यहरूको उपस्थित रहेकोले गणपूरक संख्या पूरा भएको हुँदा अध्यक्षवाट बैठक सुरु भएको जानकारी बैठकमा गराउनु भयो।

२. <u>अघिल्लो कार्यपालिका वैठकको समीक्षा सम्बन्धमा।</u>

यस अघि मिति २०८०/०९/२९ गते बसेको कार्यपालिकाको वैठकमा विविध सहित जम्मा १९ वटा निर्णयहरु भएको थिए। उक्त निर्णयहरू मध्ये कुनै निर्णयहरु कार्यान्वयनको चरणमा रहेको र कुनै निर्णयहरु कार्यान्वयन भएको पाइयो।

३. <u>नगरसभाको वैठक आव्हान गर्ने सम्बन्धमा।</u>

धरान उपमहानगरपालिकाको १४ औं नगरसभा मिति २०८०।११।१५ गते दिनको १ बजे देखि सैनिक भवन धरान-१० मा आव्हान गर्ने निर्णय गरियो।

४. <u>समपुरक अनुदान, विशेष अनुदान र तराई मघेश समृद्धि कार्यक्रमको योजना छनौट गर्ने सम्बन्धमा।</u>

क. आ.ब. ०८१।८२ का लागि सङ्घीय समपूरक तथा विशेष अनुदानमा तपसिलका आयोजनाहरु माग गर्ने निर्णय गरियो।

i. संघीय समपूरक अनुदानका लागि

| प्राथमिकता क्रम | आयोजनाको नाम |
|---|---|
| १ | सभागृह पुनःनिर्माण तथा नाटक घर निर्माण, धरान-८ |
| २ | भङ्याङ्ग देखि बरभञ्ञयाङ्गसम्म सडक निर्माण, धरान-२० |
| ३ | भक्तराज कन्दङ्वा क्रिकेट स्टेडियम, धरान-१५ |
| ४ | श्री सत्य साई स्कुलमा साइन्स पार्क निर्माण, धरान-१३ |
| ५ | ससरंगी पार्क निर्माण, धरान-१७ |

ii. संघीय विशेष अनुदानका लागि

| प्राथमिकता क्रम | आयोजनाको नाम |
|---|---|
| १ | भगवती आधारभूत विद्यालय भवन निर्माण, धरान-१६ (क्रमागत) |
| २ | सरस्वती मा.वि. भवन निर्माण, धरान-६ |
| ३ | दुईधारे गैरी कुवा खानेपानी आयोजना, धरान-३ |
| ४ | ६ नं. वडा कार्यालय भवन |
| ५ | पुरानो बजार सडक पुनःनिर्माण, धरान-१,२,३ |
| ६ | City Hospital छाता चौक, धरान-१ |

ख. आ.ब. ०८१।८२ का लागि **तराई मघेश समृद्धि कार्यक्रम** अन्तर्गत तपसिलका आयोजनाहरु माग गर्ने निर्णय गरियो।

| प्राथमिकता क्रम | आयोजनाको नाम |
|---|---|
| १ | सामुदायिक भवन निर्माण ङाग्युर ञीङ्मा ङयुङने ल्हाखाङ गुम्बा, श्याम चौक धरान-१५ |
| २ | ज्ञानोदय विद्यालय भवन मर्मत, धरान-११ |
| ३ | पाँचकन्या पथ, धरान-१४ सडक स्तरोन्नति |
| ४ | जनता मा.वि. खोरिया वस्ती, धरान-१५ |
| ५ | नारायण पथ स्वास्तिका चोक देखि धनकुटे रोड/धरान-१८ को ढल निर्माण |
| ६ | विभिन्न कल्भर्ट मर्मत, धरान-९ |

५. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०८० स्वीकृत सम्बन्धमा।**

महिला, एकल महिला, बालवालिका, किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, यौनिक तथा अल्पसंख्यक र लक्षित वर्गहरुको विकासका लागि यस धरान उपमहानगरपालिकाले लै.स.सा.स सम्बन्धी आवश्यक पहिचान, योजना तर्जुमा, कार्यक्रम तथा बजेट निर्माण र सहजरुपमा कार्यान्वयन गर्न सामाजिक विकास महाशाखा अन्तर्गत आ.व. २०७९।८० को वार्षिक कार्यक्रममा समावेश लैङ्गिक सशक्तिकरण तथा सामाजिक समावेशीकरण नीति तयार गर्ने कार्यका लागि परामर्श सेवा खरिद साथै प्रक्रियाको विभिन्न चरण सम्पन्न गरी आ.व. २०७९।८० मा तयार भई सामाजिक विकास महाशाखाबाट स्वीकृतिका लागि पेश गरिएको लैङ्गिक सशक्तिकरण तथा सामाजिक समावेशीकरण नीति सम्बन्धमा थप अध्ययन गर्नुपर्ने देखिएकोले हाललाई स्थगित गर्ने निर्णय गरियो।

६. **पशुपन्छी खोप कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८० स्वीकृत सम्बन्धमा।**

धरान उपमहानगरपालिका क्षेत्र भित्र पशुपंक्षी पालन भईरहेको साथै विशेष गरी धरान उपमहानगरपालिका वडा नं. ४, ५, ६, १४, १७ र २० मा बसोबास गर्नुहुने ६० प्रतिशत कृषकहरु पशुपालन व्यवसायमा आबद्ध भएको पाईन्छ। पशुपन्छीहरुमा विभिन्न समयमा रोगको महामारीका कारण ठुलो क्षती हुने भएकाले उक्त रोगको रोकथाम तथा नियन्त्रणका लागि खोप कार्य कार्यान्वयन आवश्यक भएका हुदा सम्बन्धित पशुपंक्षी विकास शाखाबाट तयार भै पेश भएको पशुपंक्षी खोप कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० सम्बन्धमा थप अध्ययन गर्नुपर्ने देखिएकोले हाललाई स्थगित गर्ने निर्णय गरियो।

७. **रोजगार संवाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८० सम्बन्धमा।**

धरान उपमहानगरपालिकामा रोजगारीको क्षेत्रमा रहेका अवसर तथा सम्भावनाको पहिचान, समस्याको समाधान र रोजगारको सिर्जना गर्न, रोजगार नीति तथा कार्यक्रमका सम्बन्धमा आवश्यक सुझाव दिन सरकारी तथा गैर सरकारी क्षेत्र र नागरिक समाज एवं सञ्चार क्षेत्र समेतको सहभागितामा रोजगार संवाद मञ्च गठन सञ्चालनका लागि सम्बन्धित शाखाबाट तयार भै पेश भएको रोजगार संवाद मञ्च (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८० सम्बन्धमा थप अध्ययन गर्नुपर्ने देखिएकोले हाललाई स्थगित गर्ने निर्णय गरियो।

८. **विद्यार्थी सवार हुने सवारी साधनहरुले पूरा गर्नुपर्ने मापदण्ड २०८० सम्बन्धमा।**

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरी लागु भएको बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०७८ मा भएको व्यवस्था अनुसार बालमैत्री स्थानीय शासनका सूचकहरु मध्ये संस्थागत सूचकमा बालमैत्री वडा र स्थानीय तह घोषणा गर्नका लागि विद्यार्थी सवार हुने सवारी साधनहरुले पूरा गर्नुपर्ने मापदण्ड स्थानीय तहले तोक्नु पर्ने व्यवस्था भएकाले सो प्रयोजनका लागि शिक्षा महाशाखाबाट तयार भई आजको वैठकमा पेश भएको विद्यार्थी सवार हुने सवारी साधनहरुले पूरा गर्नुपर्ने मापदण्ड २०८० मा कार्यपालिका सदस्यहरुले दिइएको सुझावहरु समावेस गरी थप परिमार्जन सहित उक्त मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो। परिमार्जन सहितको स्वीकृत मापदण्ड पछाडि पानामा टाँस गरी प्रमाणित गरिएको छ।

९. **बालविकास केन्द्रले पुरा गर्नुपर्ने मापदण्ड सम्बन्धमा।**

नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट तयार गरी लागू भएको बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०७८ मा भएको व्यवस्था अनुसार बालमैत्री स्थानीय शासनका सूचकहरु मध्ये संस्थागत सूचकमा बालमैत्री वडा र स्थानीय तह घोषणा गर्नका लागि बालविकास केन्द्रहरुले पूरा गर्नुपर्ने मापदण्ड स्थानीय तहले तोक्नु पर्ने व्यवस्था भएकाले सो प्रयोजनका लागि शिक्षा महाशाखाबाट तयार भई आजको वैठकमा पेश भएको बालविकास केन्द्रले पूरा गर्नुपर्ने मापदण्डमा कार्यपालिका सदस्यहरुले दिइएको सुझावहरु समावेश गरी थप परिमार्जन सहित उक्त मापदण्ड स्वीकृत गर्ने निर्णय गरियो। परिमार्जन सहितको स्वीकृत मापदण्ड पछाडि पानामा टाँस गरी प्रमाणित गरिएको छ।

ज्ञानीोला

१०. विविध

**क. विभिन्न समुहद्वारा निर्मित तथा हस्तान्तरीत पार्कहरुलाई सूचीकरण तथा व्यवस्थापन गर्ने सम्बन्धमा।**

श्रम संस्कृति पार्क क्षेत्र भित्र श्रमदान अभियान मार्फत विभिन्न समूहहरुले निर्माण गरिएका/गरिने पार्कहरुलाई नगरको पर्यटन, सम्पत्ती तथा आयश्रोतको रुपमा सुचीकरणका लागि आगामी कार्यपालिका बैठकमा ऐजेन्डाका रुपमा प्रस्तुत गरेर बिना कुनै शर्त र पक्षविपक्षमा तर्क वितर्क नगरी स्वतः पारित गर्ने निर्णय गरियो। उक्त पार्कहरु तपसिल अनुसार रहेका छन्।

- ✓ स्वतन्त्र नागरिक समाजद्वारा निर्मित SNS पार्क चौतारी
- ✓ सचेत धराने समुह द्वारा निर्मित SDS ROCK GARDEN
- ✓ स्वतन्त्र दिदीबहिनी द्वारा नर्मिति SDB ROSE GARDEN
- ✓ स्वतन्त्र नागरिक समाज द्वारा निर्मित आरा धरान पार्क चौतारी
- ✓ ब्रिटिस भु.पु. सैनिक समुदाय द्वारा निर्मित गोर्खा स्मारक स्तम्भ
- ✓ वी.पी पार्क

**ख. बाटो मापदण्ड, नामकरण र बाटोको नाम परिवर्तन सम्बन्धमा।**

धरान उपमहानगरपालिका क्षेत्र भित्र रहेका विभिन्न बाटोहरुको नामकरण तथा मापदण्ड निर्धारण एवम् बाटोको नाम परिवर्तनका विषयमा वडा कार्यालयको सिफारिस, स्थानीय उपभोक्ता समितिको संयुक्त निर्णय, प्राविधिकहरुको स्थलगत अनुगमनको आधारमा शाखा महाशाखाबाट सम्पूर्ण प्रक्रिया पूरा गरी पेश गरिएको बाटोको नामकरण तथा मापदण्ड कायम एवं चोकको नामाकरण स्वीकृत गर्ने निर्णय गरियो। उक्त बाटोको मापदण्ड, नामकरण र बाटोको नाम परिवर्तन पछाडि पानामा टाँस गरी प्रमाणित गरिएको छ।

**ग. विद्युतीय सवारी साधनका लागि चार्जिङ्ग स्टेसन स्थापना सम्बन्धमा।**

प्रविधि र परिवर्तनलाई प्रयोग गरौं भन्ने सोचका साथ ध्वनि प्रदूषण र वायु प्रदूषण न्यूनीकरणका साथै धरानलाई वातावरण मैत्री शहरको रुपमा स्थापित गराउनका लागि धरान उपमहानगरपालिका वडा नं. २ स्थित रहेको भानु चोक आसपासको स्थानमा विद्युतीय सवारी साधनका लागि चार्जिङ स्टेसनको स्थापना गर्न नेपाल विद्युत प्राधिकरण लाई अनुरोध गर्ने निर्णय गरियो।

**घ. विनियोजित भएको बजेट कार्यक्रम शीर्षकको रकम परिवर्तन सम्बन्धमा।**

धरान उपमहानगरपालिकाको यस चालु आ.व.मा विनियोजन भएको कार्यक्रमको वजेट हटाई तपसिल बमोजिमको कार्यक्रममा राख्ने निर्णय गरियो गरियो।

तपसिल

| हालको कार्यक्रममा छुटिएको विनियोजित रकम हटाउने | रकमान्तर हुने कार्यक्रम/रकम |
|---|---|
| धरान १४ खुला जिम स्थापना रु. १,००,०००/- | विजयपुर रन रु. १,००,०००/- |

**ङ. आर्थिक सहयोग**

यस उपमहानगरपालिकामा बसोवास गर्ने नागरिकहरुको हाल उपचारार्थ रहनु भएका साथै खेलकुदमा सहभागी हुन जाने तपसिल बमोजिका व्यक्तिहरुलाई उपचार/आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो।

i. कमला दमाई (ठटाल), धरान-८, स्तन क्यान्सर उपचार सहयोग रु. १५०००/-
ii. युवराज पोखरेल, धरान-१, टाउको सम्बन्धी रोगको उपचार सहयोग रु १५०००/-
iii. मनकला विश्वकर्मा, धरान १७, लामो समय देखि विरामी भई उपचार सहयोग रु १५०००/-
iv. लक्ष्मण तामाङ, धरान-१५, घटीको क्यान्सर उपाचार सहयोग रु १५०००/-
v. विभु देव पोखरेल, धरान-१४, मुटु रोग उपचार सहयोग रु. १५०००/-
vi. निर्मला राई, धरान-१०, उच्च रक्तचापको कारण प्यारलाईसिस भएको उपचार सहयोग रु. १५०००/-
vii. राज कुमार लिम्बु, धरान-१०, कम्मर देखि मुनिको भाग नचल्ने उपचार सहयोग रु. १५०००/-
viii. समियोग लिम्बु, धरान-१०, शारीरिक अपाङ्गता उपचार सहयोग रु. १५०००/-

ix. अजितमान विश्वकर्मा, धरान-१७ आगलागी भई शरीर जलेको उपचार सहयोग रु. ५००००/-

x. निलम पौडेल, धरान-१४, विरामी भई उपचार सहयोग रु. १५०००/-/-

xi. अस्मिता जिमी, नगर प्रहरी हवल्दार, एपेन्डिक्ससाईटिक भई अपरेसन गरेको उपचार सहयोग रु. ५००००/-

xii. कमला कसाही, धरान-१८ क्यान्सर रोग उपचार सहयोग रु. १५०००/-

xiii. सागर परियार, धरान, लागुऔषध दुर्व्यसनीका कारण विरामी भइ उपचार सहयोग रु.१५०००/-

xiv. इराकको राजधानी देहरानमा हुने अन्तराष्ट्रिय कबड्डी निर्णायक तालिममा सहभागी हुनका लागि तरुण कुमार यादवले आवतजावत हवाइटिकट र बिमानस्थल चार्ज गरी जम्मा २,००,०००/- खर्च लाग्ने भनी सहयोग माग भए बमोजिम निजलाई रु. २००००/- रकम उपलब्ध गराउने निर्णय गरियो।

**आजको बैठक दिनको १ वजे समाप्त भयो।**

**वैठकको निर्णय माईनट गर्ने : प्रज्ञादेवी निरौला, प्रमुख प्रशासकीय अधिकृत**

# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## विद्यार्थी सवार हुने सवारी साधनहरुले पूरा गर्नुपर्ने मापदण्ड २०८०

**(१) पृष्ठभूमी** : सन १९८९ मा संयुक्त राष्ट्रसंघ वाट बाल अधिकार सम्बन्ध महासन्धी पारित भए पश्चात संसारभर बालअधिकारका सवालहरुले चर्चा पाउन लागे । नेपाल पनि बाल अधिकार सम्बन्धी महासन्धिको पक्षराष्ट्र भएकाले बाल अधिकार सम्बन्धी महासन्धि लाई २०४७ साल भदौ २९ गते तत्कालीन संसदवाट अनुमोदन भै बाल अधिकार सुनिश्चित गर्ने अभियानमा लागेको छ । हाल आएर नेपालको संविधान २०७२ तथा अन्य थुप्रै कानूनहरुमा बालबालिकाका अधिकारहरुको व्यबस्था भै सकेको अबस्था छ । ती संविधान तथा कानूनमा भएका अधिकारहरुको प्रयोगको सुनिश्चितताका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने नीति अबलम्बन गरेको छ । नेपाल सरकारले बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०७८ जारी गरेको छ । सो निर्देशिकामा वि.सं. २०८७ साल भित्रमा सबै स्थानीय तहहरुलाई बालमैत्री बनाउने लक्ष निर्धारण गरिएको छ । सोही निर्देशिकामा बालमैत्री स्थानीय तह बनाउन ५१ वटा सूचकहरुको समेत व्यबस्था गरिएको छ । बालमैत्री स्थानीय शासनका सूचकहरुमध्ये संस्थागत सूचकमा एउटा सूचक विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गतामैत्री हुनु पर्ने रहेको छ । त्यसका अलावा त्यस्ता विद्यार्थी सवार हुने सवारी साधनहरुको मापदण्ड निर्धारण हुन सकेमा सबैमा एकरुपता हुने साथै विद्यार्थीहरुलाई आवत जावतमा सहज समेत हुने भएकाले यो मापदण्ड तयार गरी कार्यपालिकावाट स्वीकृत गरी लागू गरिएको छ ।

**(२) सवारी साधनका प्रकार :**

धरान क्षेत्रमा सञ्चालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले आफ्नो आबश्यकता अनुसार साना, मझौला तथा ठूला चारचक्के सवारी साधनहरुको व्यबस्था गरी विद्यार्थीहरु ओसार पसार गर्न सक्नेछन । तर दुई पांग्रे तथा तीन पांग्रे साधन प्रयोग गरी विद्यार्थी ओसार पसार गर्न पाईने छैन ।

**(३) सवारी साधनमा प्रयोग हुने रङ्ग र नम्वर प्लेट :**

विद्यार्थीहरु सवार हुन प्रयोग गर्ने सवै सवारी साधनहरुमा पहेँलो रङ्गको प्रयोग गर्नु पर्नेछ । त्यस्तै नम्बर प्लेटको हकमा सामुदायिक विद्यालयहरुले सेतो वा रातो प्लेटको प्रयोग गर्न सक्नेछन् भने संस्थागत विद्यालयहरुले रातो प्लेटको प्रयोग गर्नु पर्नेछ ।

**(४) सवारी साधन नगरपालिकामा पनि अनिवार्य दर्ता हुनु पर्ने :**

(क) सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुको स्कूल बसहरु नगरपालिकामा पनि अनिवार्य दर्ता भएको हुनु पर्ने छ । यो मापदण्ड लागूहुनु भन्दा अधि देखि नै सञ्चालनमा रहेका विद्यालयहरुका सवारी साधन समेत यो मापदण्ड लागू भएको मितिले तीन महिना भित्रमा नगरपालिकामा अनिवार्य दर्ता भै सक्नु पर्नेछ ।

(ख) विद्यार्थी सवार हुने सवारी साधनहरु नगरपालिकामा दर्ता गराउन नगरपालिकावाट निश्चित समय निर्धारण गरी सूचना प्रकाशन गरिने छ । निर्धारित समयमा यस अधिदेखिनै सञ्चालनमा रहेका सबै सवारी साधनहरु दर्ता भै सक्नु पर्नेछ ।

(ग) निर्धारित समयमा दर्ता हुन नआउने त्यस्ता सवारी साधनहरुलाई नगर क्षेत्रमा सञ्चालन गर्न नगरपालिकाले रोक लगाउन सक्नेछ ।

**(४) सवारी साधनको प्रयोग सम्बन्धमा :**

(क) विद्यार्थी सवार हुने सवारी साधनहरुमा चालकका अतिरिक्त एक जना सहचालक अनिवार्य राख्नु पर्ने छ ।

(ख) त्यस्ता सवारी साधनहरुमा सिट क्षमता बराबरमा मात्र विद्यार्थीहरु राख्नुपर्ने छ ।

(ग) सवारी साधनहरुमा विद्यार्थीहरु सहज रुपमा बस्न सक्ने प्रकृतिका सिटहरुको व्यबस्था भएको हुनु पर्नेछ ।

(घ) सवारी साधनहरुको समय समयमा चेक जाँच गराई चुस्त दुरुस्त राख्नु पर्नेछ ।

(ङ) बालबालिका बोकेका सवारी साधनहरु सामान्यतया प्रति घण्टा ४० किलोमिटर भन्दा बढी कुदाउन पाईने छैन ।

(च) एउटै सवारी साधनले सबै विद्यार्थीहरुलाई बटुल्न घण्टौ सम्म बसमा राखेरधुमाउन पाईने छैन ।

(छ) विद्यालयहरुले सवारी साधान चल्ने रुट बनाउनु पर्नेछ ।

(ज) सवारी साधनमा खटिने कर्मचारीले बालबालिकालाई गाली गलोज गर्ने, लछार पछार गर्ने, झर्किने जस्ता व्यबहार गर्न पाईने छैन ।

(झ) बालबालिकहरु गाडिवाट उत्रिएर सडक पार गर्नु पर्ने अबस्था भएमा सहचालकले सडक पार गराएर मात्र छाड्नुपर्ने छ ।

(ञ) सवारी चालकले सवारी चलाउँदा होसियार भएर विस्तारै चलाउनु पर्नेछ । हम्सहरुमा समेत बालबालिकालाई बसमा ठोक्किएर चोटपटक लाग्न सक्ने भएकाले सधै सचेत रहनु पर्नेछ ।

च) सवारी चालकको सवारी अनुसारको चालक अनुमति पत्र अनिवार्य हुनु पर्नेछ।

छ) विद्यालयको वस दुर्घटना परी विद्यार्थीहरु घाईते भएमा सम्पूर्ण उपचारहरु विद्यालयले गर्नु पर्नेछ ।

ज) सवारी साधनमा स्वास्थ्य सामग्री बाकसको व्यवस्था हुनु पर्नेछ ।

झ) सवारी साधन राख्नका लागि विद्यालयले आफ्नो पार्किङको व्यवस्था आफै गर्नु पर्नेछ ।

ञ) विद्यार्थी सवार गाडी प्रति घण्टा ४० कि.मि भन्दा बढी तिब्र गतिमा कुदाउन नपाइने ।

**(५) माथि उल्लेखित नियमको पालना गर्ने गराउने सम्बन्धमा :**

(क) बालबालिकाहरु सवारहुने सवारी साधन सम्बन्धी माथि उल्लेखित नियमहरुको सबैले पालना गर्नु गराउनु पर्नेछ ।

(ख) सो नियमको पालना गरे नगरेको अनुगमन धरान उपमहानगरपालिकाको नगर शिक्षा समिति तथा शिक्षा महाशाखावाट गरिनेछ ।

(ग) नियमको पालना नभएको भनी गुनासो आएमा वा अनुगमन गर्दा नियमको पालना नगरेको पाईएमा पहिलो पटक सचेत गराईने छ ।

(घ) सचेत गराउँदा पनि नियमको पालना नगरेमा त्यस्ता विद्यालयका सवारी साधनहरु सञ्चालनमा नगरपालिकाले रोक लगाउन सक्नेछ।

# शिक्षा नियमावली २०८० को नियम ४७ सँग सम्बन्धित
## बालविकास केन्द्रले पूरा गर्नुपर्ने मापदण्ड

१. बालविकास केन्द्रका कक्षाकोठाहरु सामान्यतया नौ फिट उचाइको र घाम तथा पानीबाट बचाउ हुने किसिमको बालमैत्री हुनुपर्ने ।

२. कक्षागत क्षेत्रफल प्रति विद्यार्थी १.५ वर्ग मीटर भन्दा कम हुनु नहुने ।

३. अध्यापन गराइने कक्षाकोठामा हावाको प्रवाह, प्रकाशको व्यवस्थाको साथै उचित सरसफाइ र स्वस्थ वातावरण हुनुपर्ने ।

४. बालवालिका बस्नका लागि चकटी तथा कार्पेटको समुचित व्यवस्था हुनुपर्ने । अथवा बालमैत्री, अपाङ्गमैत्री फर्निचरको व्यबस्था भएको हुनु पर्ने ।

५. बालवालिकालाई लेखपढ गर्न उचित भूइटेबल र आराम र मनोरञ्जन गर्न उचित सामग्रीको व्यवस्था हुनुपर्ने ।

६. बालबालिकाहरु सहज रुपमा आवत जावत गर्न सक्ने स्थानमा बालमैत्री शौचालय हुनुपर्ने छ ।

७. बालवालिकाका लागि उमेर अनुसारको खेलकुद र शैक्षिक साम्रगीको व्यवस्था हुनुपर्नेछ ।

८. पर्याप्त र स्वस्थकर खानेपानीको प्रबन्ध हुनुपर्नेछ ।

९. उपयुक्त स्थानमा बालवालिकाका जुत्ता, झोला र टिफिन खाजाको बट्टा राख्ने र्‍याक / दराजको व्यवस्था हुनुपर्नेछ ।

१०. एउटा कक्षाकोठामा बढीमा २५ जना बालवालिकाहरुमात्र राख्ने व्यवस्था हुनुपर्नेछ ।

११. मुख्य विषयहरुका लागि आवश्यक शैक्षिक सामग्रीहरु सहितको छुट्टा छुट्टै विषयगत कुनाको व्यवस्था गरेको हुनुपर्नेछ ।

१२. शिक्षण क्रियाकलाप सञ्चालनका लागि शैक्षिक भित्तेपाटी, चित्रात्मक भित्ते लेखन भएको र अन्य शैक्षिक सामग्रीहरु प्रदर्शन पार्टीको व्यवस्था हुनुपर्नेछ ।

१३. विद्यालय परिसरको घेराबेरा र सुरक्षा प्रबन्ध हुनुपर्ने साथै विद्यालय सुरक्षित स्थानमा हुनुपर्ने ।

१४. विद्यालय सँगै बालविकास केन्द्र रहने भए बालविकासका लागि छुट्टै खेल्ने ठाँउको व्यवस्था हुनु पर्नेछ।

१५. बार्षिक शैक्षिक पात्रो र सूचना पाटीहरुको प्रबन्ध हुनुपर्नेछ।

१६. प्राथमिक उपचारका लागि स्वास्थ्य सामग्री बाकसको व्यवस्था हुनुपर्ने।

१७. बालविकासमा केन्द्रमा अध्यापन गर्ने शिक्षकहरुले बालविकास सम्बन्धी तालिम लिएको हुनुपर्ने।

१८. बालविकास केन्द्रमा सहयोगी कर्मचारीको व्यवस्था हुनुपर्ने।

धरान उपमहानगरपालिका
भवन नियमन शाखा
आ.ब. २०८०|८१
मापदण्ड तथा नामाकरणका लागि प्रस्ताव गरिएका फायलहरु

| क्र.सं. | निवेदकको नामथर | वडा नं. | सडकको नाम | मापदण्ड | कहाँ देखी | कहाँ सम्म |
|---|---|---|---|---|---|---|
| १ | विष्णु बहादुर दाहाल समेत ५जना | १७ | दिल मार्ग | २० फिट | हुलाकी मार्ग देखी | ८१.४०मीटर पूर्व सम्म |
| २ | दन्तमाया लिम्बु | १५ | कल्पना मार्ग | २० फिट | श्रुति मार्ग | कि.नं.१४१६७को उत्तर सिमाना सम्म । |
| ३ | मन कुमार राई समेत | ६ | डाँफे मार्ग | २६ फिट | सरस्वती मार्ग देखी | पुर्व तर्फ कि.नं. २८१ को पश्चिम कुना सम्म |

**<u>चोक नामाकरण</u>**

| क्र.सं. | निवेदक | वडा नं. | चारकिल्लाको विवरण | नामाकरण गरिएको चोकको नाम |
|---|---|---|---|---|
| १ | दिलिप भण्डारी समेत ३४जना | १६ | पुर्वमा:पुण्य मार्ग<br>पश्चिममा:पुण्य मार्ग<br>उत्तरमा:विकास मार्ग<br>दक्षिणमा:विकास मार्ग | **"रुद्राक्ष चोक"** नामाकरणका लागि मांग भएको |
| २ | प्रेम कुमार राई समेत १९जना | ११ | पुर्वमा:पुण्य मार्ग लुप<br>पश्चिममा:किसान पथ<br>उत्तरमा:परिवर्तन मार्ग<br>दक्षिणमा:किसान पथ | **"मखमली चोक"** नामाकरणका लागि मांग भएको |